# गैडहवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
गैडहवा-३, बिष्णुपुरा, रुपन्देही | ५ नं. प्रदेश, नेपाल


मिति : २०७५।१२।२०

### प्रेस विज्ञप्ति

मिति २०७५ साल चैत्र १७ गते आइतबार साँझ वर्षा सँगै आएको भिषण हावाहुरीका कारण बारा, पर्सा लगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको घटना प्रति गैडहवा गाउँपालिका स्तब्ध छ। हावाहुरीका कारण घर तथा इँटाभट्टा भत्केर, बिजुलीका पोल लडेर सवारी साधन पल्टेर ज्यान गुमाउनेहरु प्रति यस गाउँपालिका भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछ । साथै शोकसन्तप्त परिवारमा गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ ।

हावाहुरीको घटनाबाट पीडित परिवारको उद्धार तथा राहतका लागि यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरुको तर्फबाट एक दिन बराबरको तलब कट्टा गरी मुख्यमन्त्री राहत कोषमा तत्काल पठाउने निर्णय गर्दछ । साथै यस दु:खद् क्षणमा घाइतेहरुको उपचार, पीडित परिवारको उद्धार तथा राहतको काममा जुट्न सम्पूर्णमा अपिल गर्दछ ।

२०७५।१२।२०

अध्यक्ष

बछु केवट (बँच्चुलाल)